# आर्थिक वर्ष : २०७८-७९

## लिम्चुङबुङ गाउँपालिकाको नीति तथा कार्यक्रम

"लिम्चुङबुङ विकासको आधार,
कृषि पर्यटन र पुर्वाधार"

## लिम्चुङबुङ गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

बाराहा, उदयपुर

पदेश नं. १, नेपाल

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
१ नं प्रदेश नेपाल

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
१ नं प्रदेश नेपाल

## परिचय

नेपालको प्रदेश नं. १ ,उदयपुर जिल्लाको उत्तर- पश्चिम दिशामा लिम्चुङबुङ गाउँपालिकाको अवस्थिति रहेको छ । नेपालको संविधानले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था अनुरुप स्थानिय तह पुनर्संरचना प्राविधिक समितिबाट **गाउँपालिका, नगरपालिका , विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगलाई** प्रस्ताव गरे बमोजिम साबिकका पाँच गाँउ विकास समितिहरु बाँस्बोटे, ताम्लिछा, बाराहा, बलम्ता र जाँतेलाई समेटेर सुनकोसी गाउँपालिका नामकरण गरिएको थियो ।

लगभग बीस वर्ष लामो अन्तराल पछी सम्पन्न भएको स्थानीय तहको निर्वाचन पश्चात गठीत स्थानीय सरकारबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ बमोजिम गाउँपालिकाको नाम सुनकोसी परिवर्तन गरी लिम्चुङबुङ गाउँपालिका कायम गरिएको छ। **लिम्चुङबुङ** शब्द स्थानीय किराँती समुदाय अन्तर्गतको चाम्लिङ राई भाषाबाट लिएको हो । जसको अर्थ हुन्छ **"लेकमा फुल्ने सुगन्धित फुल"** । यस शब्दले पहाडी भेगमा प्रचलित औषधीय गुणले युक्त फुल सुनतारीलाई( जसलाई चलनचल्तीको बोलीमा धसिंग्रे भनेर पनी चिनिन्छ) जनाउछ ।
यस लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष श्री मेजर कुमार राई तथा उपाध्यक्ष श्री रमिला राई हुनुहुन्छ ।



यस गाउँपालिकाको केन्द्र वडा नं ३, बाराहामा अबस्थित रहेको छ । यस गाउँपालिकामा कुल क्षेत्रफल १०६.८ वर्ग किलोमिटर रहेको छ ! राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्या ११,९९२ रहेको छ ।















**सोच :-**
सबल भौतिक पुर्वाधार, शिक्षा तथा स्वास्थ्यमा दिगो लगानीको प्रतिवद्धता, व्यावसायीक कृषि, पर्यटन तथा लघु उद्यम मार्फत दिगो विकासको सुनिश्चित्तता ।

**लक्ष्य**

१. आ.व. ०७८\०७९ भित्र वडा नं १ र २ मा स्वास्थ्यचौकीहरुको निर्माण गरि गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह को पुर्वाधार तयार गर्ने ।
२. आ.व. २०७८\७९ को अन्त्य सम्म यस गाउँपालिकाका ५ वटै माध्यमिक विद्यालयहरुमा भवनहरुको निर्माण कार्य सम्पन्न गर्ने ।
३. अध्यक्ष कृषि परियोजना मार्फत गाउँपालिकामा व्यावसायीक तथा आधुनिक कृषिको विकास गर्दै आर्थिक समृद्धिको आधार निर्माण गर्ने ।
४. एभरेष्ट भ्यु टावरको ३३% निर्माण कार्य सम्पन्न गर्ने ।
५. ५ शैय्याको लिम्चुङबुङ अस्पताल तथा गाउँपालिका प्रशासकीय भवनको ५०% सम्म निर्माण कार्य सम्पन्न गर्ने।
६. वडा नं १,२,४ तथा ५ को वडा कार्यालय भवनहरु निर्माण सम्पन्न गर्ने ।
७. लिम्चुङबुङ अस्पतालबाट Digital X-ray तथा RUSG सेवा सञ्चालन गर्दै यस क्षेत्रको उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने निकायको रुपम स्थापित गर्ने।
८. पुर्व प्राथमिक शिक्षा तर्फ गाउँपालिकाको ५ वटै माध्यमिक विद्यालयहरुमा मन्टेश्वरी शिक्षा सञ्चालन गर्ने,
९. लिम्चुङबुङ गाउँपालिकाका वडाहरुमा विद्युत विस्ता अगाडी बढाउने ।
१०. वडा कार्यालय मार्फत प्रवाह गरिने सम्पुर्ण सेवाहरु विद्युतीय माध्यमबाट प्रवाह गर्ने ।


राँकुला झरना


किविको विरुवा

## खण्ड-२

## २.१ आ.व. २००७८/०७९ को नीति तथा कार्यक्रम

### लिम्चुङबुङ गाउँपालिकाको नवौं गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

### भौतिक पुर्वाधार विकास नीति
### " समृद्ध लिम्चुङबुङको आधार, सुदृढ र सबल भौतिक पुर्वाधार"

१) लिम्चुङबुङ गाउँपालिकाको समुन्नतिको प्रमुख आधार भौतिक पुर्वाधार विकास रहेको हुनाले यस गाउँपालिकाको समग्र भौतिक पुर्वाधार क्षेत्रको एकिकृत र सुव्यवस्थित विकासका लागि गाउँपालिकाको प्रशासनीक भवन, लिम्चुङबुङ अस्पताल, वडा कार्यालयहरु, मा. वि. स्तरका विद्यालयहरु, स्वास्थ्य चौकीहरुको निर्माणलाई प्राथमिकतामा राखेर आयोजना छनौट गरी कार्यान्वयन गरिने ।

२) भौतिक पुर्वाधारका ५० लाख भन्दा माथि लागत लाग्ने पुर्वाधार निर्माण कार्यको लागी त्यस्ता योजनाहरुको सम्भाव्यता अध्ययन र DPR ( Detail Project Report ) विस्तृत परियोजना प्रतिवेदन, प्रारम्भीक पर्यावरणिय प्रतिवेदन तयार गरी प्रथमिकताको आधारमा निर्माण कार्य सन्चालन गर्ने नीति लिइनेछ ।

३) भवन निर्माण तर्फ स्थानीय सरकार सन्चालन ऐन २०७४ बमोजिम गाउँपालिका क्षेत्र भित्र भवन निर्माणलाई व्यवस्थित गरिने नीति लिईनेछ । साथै राष्ट्रिय भवन संहिता, २०६० बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा भवन निर्माणको नमुना मापदण्ड, २०७१ लाई पालना गर्दै र गराउदै गाउँपालिका क्षेत्रमा व्यवस्थित बस्ती विकास गरिने नीति लिइने छ ।

४) निर्मित पुर्वाधारहरुको नियमित मर्मत सम्भार, सन्चालन, संरक्षण एवं संवर्धन गरिनेछ साथै पुर्वाधार निर्माणमा नीजि क्षेत्र, सामुदायिक ,सहकारी क्षेत्र र उपभोक्ता समितिहरुको प्रभावकारी परिचालन गरिने नीति लिइनेछ ।

५) पूर्वाधार निर्माणको क्रममा पर्यावरणीय जोखीम तथा वातावरणीय प्रभाव मुल्याङकन गरेर मात्र स्विकृती गरिने नीति लिइनेछ ।

### सडक तथा यातायात तर्फ

१) गाउँपालिकाको स्थानीय सडक, रणनितिक सडक, कृषि सडक हरुको वर्गिकरण गरी सडक सञ्जाललाई व्यवस्थित गर्न गाउँपालिका स्तरीय पारवाहन गुरु योजना निर्माण गरी प्राथमिकताको आधारमा बजेट विनियोजन गरिने ।

२) सडक निर्माणमा सानो रकम विनियोजन गरी निरन्तर एउटै काम तथा स्थानलाई दोहोर्याउने प्रवृत्तीको अन्त्य गर्दै यातायात सुविधा तथा वडाहरुको भौगोलिक सन्तुलनको आधारमा गाउँपालिका स्तरीय, जिल्ला स्तरिय, प्रदेश स्तरीय तथा संघीय स्तरीय यातायात गुरुयोजनामा परेका सडकहरुलाई प्राथमिकताका आधारमा DPR तयार गरि क्रमश: बान्है महिना सञ्चालन गर्दै कालोपत्रे बनाउने तर्फ संघीय तथा प्रादेशिक निकायमा पहल गरी कार्यान्वयन गरिने नीति लिइनेछ ।

३) वडा कार्यालय बाट गाउँपालिका केन्द्र जोड्ने सडकलाई सडकको मापदण्ड अनुसार बान्है महिना निर्वाध रुपमा सवारी साधन सञ्चालन गर्नु सक्ने बनाउनलाई प्राथमिकता दिइने छ ।

४) सडक निर्माण गर्दा मठ –मन्दिर, पानीका मुहानहरुलाई संरक्षण र प्रवर्धन गरिने छ ।

५) जिल्ला यातायात गुरुयोजना र गाउँपालिका यातायात गुरुयोजना अनुसार सडकहरुको रेखाङकन तथा सीमाङकन गरिनेछ ।

६) सडक क्षेत्रमा अतिक्रमण गर्ने क्रियाकलाप ( निर्माण सामाग्री राख्ने, गोलिया, काठ थुपार्ने, सडक मिचेर घर टहरा निर्माण गर्ने, पासल थाप्ने ) जस्ता कार्यलाई निरुत्साहित गरिनेछ ।

७) ट्रयाक खोलिएका तर मौसमी रुपमा रहेका सडकहरु निर्माण कार्य गर्दा गाउँपालिकाको स्विकृत मापदण्डका आधारमा बढीमा ३० प्रतिशत माटोको काम र ७० प्रतिशत स्ट्रक्चरको काममा खर्च गर्दै बान्हैमास चल्ने सडकमा रुपान्तरण गर्ने नीति लिइनेछ ।

८) सडक निर्माणको क्रममा नया ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भइरहेको सडकहरुलाई स्वीकृत मापदण्डका आधारमा स्तरोन्नतीमा जोड दिइनेछ ।

९) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका यात्रुवाहक सवारी साधनहरुले लिने गरेको यात्रु भाडा दर दुरिको आधारमा नभएको लगायतका यात्रु भाडाका समस्याहरुलाई सम्बन्धित सरोकारवालाहरुको समेत समन्वय तथा सहयोगमा समाधान गर्ने नीति लिइनेछ ।

१०) आ. व. २०७८\७९ बाट लिम्चुङबुङ गाउँपालिका सार्वजनिक बस सञ्चालन गरी आम जनतालाई सहज रुपमा सेवा प्रवाह गरिनेछ ।

## खानेपानी

१) स्थानीय स्तरमा रहेको पानीका मुहानहरुको संरक्षण , संवर्धन र प्रयोग गर्न तथा टोल बस्तीका पानीका परम्परागत मुहानहरुलाई स्वच्छ र सफा राख्न प्रत्येक वडा समितिको अगुवाइमा टोल विकास संस्था, सामुदायिक संघ संस्था तथा स्थानीय समुदाय परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२) सन्चालनमा रहेका खानेपानी योजनाहरुको दिगो सन्चालन, मर्मत सम्भार, क्षमता अभिवृद्धि तथा पुन: निर्माण जस्ता कार्य उपभोक्ताहरुको समेत लगानी तथा सहभागितामा सञ्चालन गरी गराई आधारभूत खानेपानी सेवाको सुनिश्चितता गर्न र खानेपानी सेवा नपुगेको टोल, बस्तीमा खानेपानी सेवा पुर्याउने कार्यका लागि योजना तथा कार्यक्रम सम्बन्धीत निकाय/संस्थासँगको साझेदारीमा गरिनेछ ।

३) टोलबस्तीमा रहेका सानातिना पोखरीहरु टोल विकास संस्था तथा समुदायको अगुवाईमा संरक्षण गर्ने अभियान सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

४) खानेपानी मुहानको २० मीटर वरपर कुनैपनी किसिमको रुख, बिरुवा काट्न हटाउन नपाउने गरि समुदायकै सहयोगमा कडाईका साथ पालना गराउने नीति अवलम्बन गरिनेछ ।

५) सडक लगायत भौतिक पुर्वाधारहरुको निर्माण गर्दा गराउँदा पानीको मूल र श्रोतलाई हुन सक्ने हानी क्षतीलाई न्युनीकरण गर्ने उपायहरु अवलम्बन गरिने छ ।

६) सुख्खा ग्रस्त / खानेपानी /सिंचाई को सुविधा नपुगेका बस्ती तथा वडामा दिर्घकालीन खानेपानी योजनाको सम्भाव्यता अध्ययन गरी प्रथमिकता निर्धारण गरेर कार्यान्वयन गरिने छ ।

७) गाउँपालिका क्षेत्र भित्रका सबै घरधुरीहरुमा स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गरिनेछ ।

## विद्युत तथा वैकल्पिक उर्जा

१) लिम्चुङबुङ गाउँपालिकाका विद्युत सेवा विहिन टोल,बस्ती तथा वडाहरुमा विद्युत प्रधिकरणसँग समन्वय गरी विद्युतीकरण गरिने नीति लाई निरन्तरता दिदै १ वर्षभित्र गाउँपालिकामा ६५% विद्युतिकरण गरिनेछ ।

२) आगामी २ वर्षभित्र गाउँपालिका प्रत्येक घर-घरमा उज्यालोको लागी प्रयोग गरिने परम्परागत साधन (टुकी, मैनबत्ति र दियालो आदी) प्रतिस्थापन गरिने छ ।

३) पर्यटकीय क्षेत्र, सार्वजनिक भवन, बजार क्षेत्रमा समुदायको साझेदारीमा सौर्य सडक बत्ती जडान गर्ने नीति अवलम्बन गरिने छ ।

४) वैकल्पिक उर्जाका सम्भावनाहरुलाई पहिचान गरि प्रयोगमा ल्याउने नीति लिइनेछ ।

५) विद्युत हाईटेन्शन लाईन मुनी कुनैपनी भौतिक संरचना निर्माण गर्न निरुत्साहित गर्ने नीति अवलम्बन गरिने छ ।

६) लिम्चुङबुङ गाउँपालिकाका वडाहरुमा धुँवारहित सुधारिएको चुलो प्रयोगलाई बढावा दिइनेछ दाउरामा आधारित इन्धनलाई नविकरणीय उर्जाको श्रोतहरुबाट प्रतिस्थापन गरिने नीति लिईनेछ ।

## भवन तथा सहरी विकास

१. लिम्चुङबुङ गाउँपालिकाको बजार क्षेत्रहरुलाई व्यवस्थित शहरी विकासका लागी शहरी तथा बस्ती विकास योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

२. गाउँपालिका क्षेत्रभित्र नीजि, सामुदायिक, सार्वजनिक लगायतका सबै किसिमका भवन निर्माणका लागी भवन निर्माण मापदण्डलाई पुर्ण पालना गरी भुकम्प प्रतिरोधी भवन निर्माण गर्ने गराउने नीति कडाईका साथ पालना गराइने छ ।

३. भवन निर्माण मापदण्ड लागू हनभन्दा अगाडी निर्माण भएका घरहरुलाई भवन निर्माण मापदण्डमा उल्लेख भएको व्यवस्था अनुसार घर अभिलेखिकरण कार्य अभियानको रुपमा अवलम्बन गरिनेछ । गाउँपालिका क्षेत्र भित्र कार्यरत कालीगढ, मिस्त्री लाई तालिम सन्चालन गर्ने, तालिम प्राप्त कालिगढ, मिस्त्रीहरु सुचिकृत गरिनेछ ।

४. सहरी पुर्वाधार तथा सेवाहरुको विकासको लागी सार्वजनिक निजी साझेदारी लगानी प्रवर्धन गरिनेछ ।

## सुचना तथा सञ्चार

१) लिम्बुङबुङ गाउँपालिका क्षेत्रभित्र टेलिफोन ल्याण्डलाईन विस्तार गर्न सम्बन्धीत निकायमा पहल गरिनेछ ।
२) गाउँपालिकाका प्रत्येक वडाकार्यालयमा इन्टरनेट सुविधा विस्तार गरी व्यक्तीगत घटना दर्ता अनलाईन माध्यमबाट गरिनेछ ।
३) गाउँकार्यपालिकाको कार्यालय तथा वडाकार्यालयहरुलाइ वाईफाई फ्री जोनको रुपमा विकास गरिनेछ ।
४) लिम्बुङबुङ गाउँपालिकाको आधिकारीक वेबसाईट मार्फत सुचना तथा समाचार सम्प्रेषण गरिनेछ ।
५) जवाफदेहिता तथा पारदर्शितालाई संस्थागत गर्न गाउँपालिकाबाट भएका कामकार्वाहीलाई वेबसाइट तथा एफ. एम. माध्यम बाट सर्वसाधारण जनता समक्ष पुर्‍याइने छ ।
६) सेवाग्राहि प्रतिक्षालयमा डिजिटल नोटिस बोर्ड र टेलिभिजन संचालन ।
७) सार्वजनिक सेवा प्रवाहलाई विद्युतिय माध्यामबाट चुस्त दुरुस्त गरिने, (डिजिटल नोटिसबोर्ड, तेलि भिजन, CCTV आदि)
८) सुशासनको प्रमुख अंग विद्युतीय शासन ( e-governance) लाई व्यवहारमानै प्रयोग गरिने संयन्त्रहरुको व्यवस्थापन गरिने छ ।

## आर्थिक विकास तर्फ
## कृषि तथा पशुपन्क्षी विकास सम्बन्धी नीति

१) निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक र नाफामुलक कृषि प्रणालीमा रुपान्तरण गरिनेछ ।
२) अध्यक्ष कृषि परियोजनाको माध्यमबाट २ वर्ष भित्र कृषिको व्यावसायिकरण , यान्त्रिकरण गर्दै निर्यातमुखी स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
३) कृषिक्षेत्रमा जलवायु र जमिनको उर्वरता अध्ययन गरी बालीहरुको पकेट क्षेत्र निर्धारण गरी **एक गाउँ एक पकेट** क्षेत्रको विकास गरिने नीति लिइनेछ ।
४) माटो परिक्षण तथा माटो उपचार कृषकहरुको समेत सहभागीता र साझेदारिमा अभियानको रुपमा सञ्चालन गरिनेछ र गाउँकार्यापलिकाको कार्यालयमा नै माटो परिक्षणको व्यवस्थापन गरिनेछ ।।
५) कृषि प्रणालीको आधुनिकिकरणको लागी कृषिमा यान्त्रिकरणलाई प्रोत्साहित गर्न अनुदानमा आधारित कृषि यन्त्र उपलब्ध गराइने नीति लाई निरन्तरता दिइनेछ छ ।
६) कृषिबालिमा रसायनिक मल तथा विषादीको प्रयोगलाई निरुत्साहित गर्दै चालू आ. व. मा कुनै एक वडालाई जैविक उत्पादन क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
७) एक वडा एक प्राविधिक कार्यक्रमलाई कृषकहरुको समुहमा आबद्ध गरि कृषिको व्यवसायिकरण गरिनेछ ।
८) कृषि उपज संकलन केन्द्र निर्माणलाई प्राथमिकतामा राख्ने तथा शीत भण्डारण निर्माणको सम्भाव्यता अध्ययन गरी सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।
९) गाउँपालिका क्षेत्रभित्र रहेको फलफुल पकेट तथा ब्लक हरुलाई आधुनिकिकरण गरी व्यावसायिक रुपमा सबल बनाइनेछ ।
१०) यस गाउँपालिकाको देहायका स्थानहरुमा मा तरकारी तथा फलफुल खेतीको सम्भाव्यता अध्ययन गरी व्यावसायिक खेतीलाई प्रवर्धन गरिने छ –
क) वडा नं १ को राकुला, ढुङ्गे, राकुला बेशी, कुनाही।
ख) वडा नं २ को ज्यामिरे, लिम्मा, डाँडा गाँउ, गैरी गाँउ, जिमि गाँउ, गोटेमा, नक्रेपा ।
ग) वडा नं ३ को राकुला मार्से, बगुवा, बाराहा, नागी, सिर्वानी, नगरे ।
घ) वडा नं ४ को गोडेली, मार्सी ।
ङ) वडा नं ५, जाँते, तोड्के ।
११) कृषि तथा पशुपन्क्षी जन्य रोग नियन्त्रणको लागी प्रत्येक वडामा प्राविधिकहरुलाई आवश्यक औषधि तथा तालिमको नीति अवलम्बन गरिनेछ ।
१२) प्रत्येक वडाकार्यालय हरुमा कृषि उत्पादन सम्बन्धी परामर्श तथा पशुपन्क्षी सम्बन्धी रोगको रोकथाम तथा उपचारका लागी कृषि \पशु प्राविधिकको व्यवस्था गरी सेवाकेन्द्र सञ्चालन गरिने नीति लिइनेछ ।
१३) व्यवसायिक पशुपालन लाई प्रवर्धन तथा विकास गर्नको लागि उन्नत जातका बिउबोका, घास, दाना आदिको सहज पहुचलाई सुनिश्चित गरिने नीति अवलम्बन गरिनेछ ।
१४) पशुपालनलाई व्यवसायिकरणको लागी किसानहरुलाई ज्ञान सीप तथा प्रविधि हस्तान्तरण गरी उत्पादक्तव बढाउने नीति लिइनेछ ।
१५) नगदेबाली खेतीलाई प्राथमिकता साथ प्रोत्साहन गर्ने नीति अनुरुप उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिने नीति अवलम्बन गरिनेछ ।

१६) पशुपन्क्षी पालनको पकेट क्षेत्र निर्धारण गरी जलवायु तथा आहाराको उपलब्धता तथा सम्भाव्ताको आधारमा व्यवसायिक पशुपालनलाई प्रोत्साहित गरिने नीति अवलम्बन गरिनेछ ।

१७) पशुवधशाला को व्यवस्थापनका लागि आवश्यक पुर्वाधारहरुको विकास गरिने छ ।

१८) सहकारी वा कृषक समुह मार्फत पशु आहारा को बिउ तथा पशु प्रजनन (कृत्रिम गर्भाधान) को सेवा प्रवाह गर्ने निति लिइनेछ ।

१९) गोठ तथा खोरहरुको सुधार, गोठेमलको संरक्षण गर्ने, कम्पोष्ट र भर्मी कम्पोष्ट मल बनाउने सीप तथा प्रविधि सम्बन्धी तालिम तथा सचेतना कार्यक्रम प्राविधीक सेवा टोलटोलमा पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।

२०) पशुपालनमा हुने जोखिम न्युनिकरण गर्न पशुबीमालाई प्रत्साहन गरिनेछ ।

२१) लिम्चुङबुङ गाउँपालिकामा व्यावसायिक कृषि तथा पशुपालनलाई प्रवर्धन गर्नेको लागी गरिब, विपन्न वर्गका कृषक हरुलाई कृषक अनुदान, तरकारी खेती अनुदान , फलफुल खेती अनुदानलाई लक्षित वर्ग सम्म पुर्याउने नीति लिइनेछ ।

२२) दुग्ध उत्पादनलाई बढाउदै, विविधिकरण तथा दुग्ध जन्य पदार्थको बजार प्रवर्धन गर्न बजार व्यवस्थापन गर्न समुह\ सहकारीको साझेदारीमा दुग्ध संकलन तथा चिस्यान केन्द्र स्थापना गर्दै दुग्ध उत्पादनमा तीन वर्ष भित्र आत्मनिर्भर गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

२३) कृषक समुहहरुलाई कृषि तथा पशुसेवा सम्बन्धी आधारभुत सेवा प्रवाह सेवाकेन्द्र मार्फत वडाबाटै गरिने नीति लिइनेछ ।

२४) बालिनालिमा हुने जोखिम न्युनिकरण गर्न बालि बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

२५) हरेक वडा स्तरमा तरकारी, फलफुल तता घाँस वालिको विरुवा पत्पादन तथा नग प्रविधि प्रर्द्धशनीको लागि बहु उद्देश्य नर्सरी तथा प्रविधि प्रर्द्धशनी केन्द्रको स्थापना गरिनेछ ।

२६) विद्यालय स्तरदेखि नै युवाहरुलाई व्यावसायिक कृषि तर्फ आकर्षित गर्न तथा प्रगतिशिल कृषकको उत्पादन गर्ने हरेक वडाको कुनै एक विद्यालयमा कृषि सिकाई केन्द्रको स्थापना गरिनेछ ।

२७) सिंचाई हुने खेती योग्य क्षेत्रमा सिंचाईको पुर्वाधारमा व्यवस्थापन गरि उत्पादन वृद्धिमा जोड दिइनेछ ।

२८) सिंचाई समस्या भएको सुख्खा क्षेत्रमा वर्षाको पानी संकलन (वाटर हार्भेष्टिङ) तथा प्रयोग सम्बन्धि कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

२९) सुख्खा क्षेत्रमा आंशिक सिंचाई प्रवन्धला निम्ति प्लाष्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथामिकताका साथ कार्यक्रम संचालन गरिनेछ ।

३०) कृषक समुहलाई व्यवस्थित गर्दै कृषि तथा पशु सेवा कार्यक्रम समुह मार्फत संचालन गरिनेछ ।

३१) सिंचाईको स्रोत भएको क्षेत्रमा समुहगर माछापालनग कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ ।

३२) खसि बोका संकलन केन्द्र स्थापना गरि बजारिकरणको लागी सहजिकरण गरिनेछ ।

३३) वडा स्तरमा हरेक ७ दिनमा र पालिका स्तरमा १५ दिनमा १ पटक कृषि हाट बजार संचालन आन्तरिक खपत तथा निर्यात बजार व्यवस्थापन गरिनेछ ।

३४) खेर गएको जमिनमा, बाँझो जमिनमा घाँस तथा अन्य खेति प्रवर्द्वन गरिनेछ ।

## पर्यटन प्रवर्धन तथा संस्कृति सम्बन्धी नीति

१) लिम्चुङबुङ गाउँपालिकाको मुख्य पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका पर्यटन मन्त्रालयसँगको सहलगानीमा एभरेष्ट भ्यु टप (दोबाटे डाँडा) पर्यटकीय पुर्वाधार निर्माण गर्न आवधिक रुपमा लगानी व्यवस्थापन गरिनेछ ।

२) लिम्चुङबुङ गाउँपालिकाको पर्यटनको प्रमुख गन्तव्यको रुपम सम्भावना बोकेका ठाँउ हरुको पहिचान गरी पर्यटकिय पुर्वाधारहरुको विकास गरिने छ ।

३) गाउँपालिका क्षेत्र भित्र पर्ने पर्यटकीय सम्भावनाका अन्य क्षेत्रहरु ( चिया पर्यटन, पर्यापर्यटन, धार्मिक पर्यटन, कृषि पर्यटन) को पहिचान गरी पुर्वाधार विकास तर्फ विशेष ध्यान दिइनेछ ।

४) पर्यटन विकास तथा पर्यटन प्रवर्धनको लागी सार्वजनिक, नीजि, सहकारी, सामुदायिक क्षेत्रहरुसँग साझेदारी एवं सहकार्य गरी यस बाट प्राप्त लाभहरु आमजनस्तर सम्म पुऱ्याइने छ ।

५) यस गाउँपालिका क्षेत्रभित्र होमस्टेको सम्भावना बोकेका क्षेत्रहरुको पहिचान गरी स्थानीय संस्कृती, खानपान, उत्पादकत्वको आधारमा होमस्टे प्याकेज संञ्चालन गरिने छ ।

६) ऐतिहासिक , धार्मिक तथा पुरातात्विक मठ मन्दिर, गुम्बा, विहार आदिको संरक्षण तथा उपयोगलाई सम्बन्धित क्षेत्रको आयआर्जन सँग अन्तरसम्बन्धीत गर्ने नीति लिइनेछ ।

७) लिम्चुङबुङ गाउँपालिकाको सम्पुर्ण धर्म, सम्प्रदायहरुको पहिचानलाई जगेर्ना गर्ने एक खुल्ला साँस्कृतिक संग्राहलय निर्माणको प्रारम्भिक प्रतिवेदन तयार गर्ने ।

## उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन नीति

१) स्थानीय तहमा उत्पादन हुने कच्चा पदार्थ प्रयोग गरेर वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्न समन्वय, सहजिकरण र प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
२) साना तथा लघु उद्योगहरुको स्थापना तथा विकासलाई प्रोत्साहन गर्न तालिम तथा वित्तिय श्रोत सहज ढंगबाट उपलब्ध गराउने नीति लिइनेछ ।
३) गाउँपालिका क्षेत्र भित्र हाटबजार सञ्चालन गरी स्थानीय उत्पादन र व्यापार व्यवसायको प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
४) बजार व्यवस्थापनको लागी पसल, लज, होटलले दैनिक मुल्यसुची उपभोक्ताले सहजै देख्न सक्ने गरी राख्ने नीति अवलम्बन गरिनेछ ।
५) प्रचलीत कानून बमोजिम स्विकृति नलिइएका, दर्ता नभएका पसलहरुलाई अनिवार्य रुपमा दर्ता गराईनेछ ।
६) घरभाडा, घरबहाल दिँदा अनिवार्य रुपमा सम्झौता गर्नु पर्नेछ ।
७) गाउँपालिका स्तरीय वाणिज्य संघ र उपभोक्ता हित संरक्षण मञ्च स्थापना गरिनेछ ।
८) गाउँपलिका भित्र खानी तथा खनिजको अध्ययन तथा सम्भाव्यता बारेमा अनुसन्धान शुरु गर्न पहल गर्ने नीति अवलम्बन गरिनेछ ।
९) यस गाउँपालिकाका सम्भावना बोकेका बजारहरुमा फोहोर जन्य पदार्थहरुको व्यवस्थापन गर्दै SOLID WASTE MANAGEMENT को लागी पुर्वाधारहरु निर्माण गरिनेछ ।

## उद्यम विकास नीति

१) उद्यम विकास रणनितिक योजना तयार गरी लागु गरीने छ ।
२) उद्यम विकास मोड्युल र मागमा आधारीत रणनीति अनुसार नयाँ उद्यमी सृजना तथा भैरहेका उद्यमको स्तरोन्नती गर्ने नीति लिइने छ ।
३) यस पालिकामा दर्ता भई सन्चालनमा रहेका तथा नयाँ उद्यम स्थापना गर्न चाहाने लघु घरेलु तथा साना उद्यमहरुलाई ८०% छुट मुल्यमा उपयुक्त प्रविधि हस्तान्तरण गरीने छ ।
४) उद्यम स्थापना तथा स्तरोन्नती गर्न चाहाने उद्यमीहरुलाई वित्तीय स्रोत सहज उपलब्ध गराउने नीति लिइने छ ।
५) उद्यमीहरुको लघु वित्तमा पहुँच तथा वजारीकरण तथा बजार प्रबर्धनको दिगो ब्यवस्थापनको लागी उद्यमी सहकारी गठन गरी परिचालन गरीने छ ।
६) अनौपचारीक तथा परम्परागत रुपमा सन्चालनमा रहेका सिप तथा पेशाहरुको पहिचान गरी लघु घरेलु तथा साना उद्योगको रुपमा बिकास गरीने छ ।
७) बैदेशिक रोजगारमा गएर फर्कीएका वा स्वदेशमा रोजगार गुमाएका बेरोजगार युवाहरुलाई साझेदारी तथा ब्यक्तीगत उद्यम स्थापना गर्न उद्यमशिलता विकास तालिम तथा मागमा अधारीत शिप विकास तालिम सन्चालनगरीने छ ।

## सहकारी, गरिबी न्युनिकरण तथा उद्यमशीलता विकास सम्बन्धी नीति

१) सहकारीको माध्यमबाट स्थानीय श्रोत, श्रम, साधन, सीप र पुँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिनेछ ।
२) सहकारीताको माध्यमबाट गरीबी न्युनिकरण एवं सामाजिक पुँजी निर्माणमा जोड दिइने नीति लिइनेछ ।
३) गाउँपालिकामा सञ्चालीत सहकारीको क्षमता विकास तथा संस्थागत सुदृढिकरण गर्ने गराउने नीति लिइनेछ ।
४) लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट गरिबि न्युनिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
५) लिम्चुङबुङ गाउँपालिकाको उद्यम विकास नीति अनुसार प्रत्येक वडाबाट स्वावलम्बी उद्यमीहरुको विकास गरिनेछ ।
६) लिम्चुङबुङ गाउँपालिका भित्र रहेका घरेलु तथा साना उद्योगहरुको संरक्षण, संवर्धन, नियमन तथा स्तरोन्नती गर्दै ठुला उद्योगमा रुपान्तरण गरिने नीति लिईनेछ ।
७) लिम्चुङबुङ गाउँपालिका सहकारी ऐन बमोजिम सहकारी हरुको नियमन, प्रवर्धन र प्रशिक्षण सम्बन्धी नीति लिइनेछ ।

लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## सामाजिक विकास नीति
## शिक्षा नीति

१) संविधानले तोकिए बमोजिम माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्न केन्द्र र प्रदेशसँग आवश्यक समन्वय गरी संघीय शिक्षा नीति एवं मापदण्डको अधिनमा रही आवश्यक्ता अनुसार नीति, नियमावली तथा निर्देशिका निर्माण गरेर शिक्षा क्षेत्रलाई व्यवस्थपान गर्दै गुणस्तरीय शिक्षा सुनिश्चित गरिने नीति लिइनेछ ।

२) लिम्चुङबुङ शिक्षा विकास योजना बमोजिम विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धीको लागी कार्यक्रमहरु वार्षिक तालिका अनुसार संचालन गरिने छ ।

३) लिम्चुङबुङ गाउँपालिकाका माध्यमिक विद्यालयहरु श्री महेन्द्र मा. वि. सिर्वानी, वडा नं ३ तथा श्री क्याप्टेन पर्शुराम पद्मा राई मा. वि. (१-१२ ), श्री मा. वि. बुल्कु (१-१०), श्री महेन्द्र दिप मावि. वडा नं २, श्री मा. वि. रसुवा वडा नं ५ मा शैक्षिक पुर्वाधारको निर्माण गरी गाँउपालिका क्षेत्रमै सदरमुकाम सरहको गुणस्तरयुक्त शिक्षाको सुनिश्चित्तता गरिने नीति लिइनेछ ।

४) शिक्षालाई जीवनउपयोगी, सीपमुलक र गुणस्तरीय बनाउने नीति अवलम्बन गरिनेछ ।

५) लिम्चुङबुङ गाउँपालिका क्षेत्रभित्र रहेका सम्पुर्ण बाल बिकास केन्द्रहरुमा शैक्षिक पुर्वाधार निर्माण गरिनेछ । मन्टेश्वरी ट्रेनिङ्गको व्यवस्था गरी बाल स. का. हरुको क्षमता अभिवृद्धी गरि बालबालिका हरुको सिकाई उपलब्धी सुनिश्चित गरिनेछ ।

६) लिम्चुङबुङ गाउँपालिकाका सम्पुर्ण विद्यालय हरुको समष्टिगत गुणस्तर विकासका लागी प्रत्येक विद्यालयहरुमा विद्यालय विकास नीति सञ्चालन गरिनेछ यस अन्तर्गत:-

- क) शैक्षिक गुणस्तर अभिवृद्धी प्रोत्साहन कार्यक्रम
- ख) विद्यालय क्षमता अभिवृद्धी कार्यक्रम
- ग) जनशक्ती उत्प्रेणा कार्यक्रम
- घ) शैक्षिक पुर्वाधार विकास कार्यक्रम
- ङ) गाउँपालिकाको तर्फबाट शैक्षिक क्षेत्र सुधारको लागि मापदण्डमा आधारित अनुदान कार्यक्रम ।

७. निर्माणाधीन विद्यालयको भौतिक संरचना हरु भुकम्प प्रतिरोधी बनाइनेछ ।

८. विद्यार्थीहरुले विद्यालय बीचमै छोडने ( DROP OUT) प्रवृत्तीलाई न्युनिकरण गर्न सचेतनामुलक तथा प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. निश्चित सुचकांकका आधारमा नमुना विद्यालय बनाइनेछ र यसलाई क्रमश: विस्तार गरिनेछ ।

१०. विद्यालयका शिक्षकहरु, बाल बिकास केन्द्रका स.का. हरुको लागी तालीम तथा अनुशिक्षण कार्यक्रम हरु सञ्चालन गरिनेछ ।

११. लिम्चुङबुङ गाउँपाललिकाका सम्पुर्ण विद्यालयहरुमा २ वर्षभित्र पुर्ण सरसफाई, पक्की शौचालय तथा स्वच्छ खानेपानी को व्यवस्था गरिनेछ ।

१२. विद्यालयहरुमा प्रविधिमैत्री पठन पाठनको व्यवस्था गरिनेछ ।

१३. विद्यालयहरुको गुणस्तर परिक्षणको लागी वस्तुगत सुचकांक हरुको आधारमा अनुगमन तथा सुपरिवेक्षण संयन्त्र निर्माण गरिनेछ ।

१४. विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई नेपाल सरकारबाट कायम न्युनतम पारिश्रमिकको व्यवस्था गरिनेछ ।

## खेलकुद तथा अतिरिक्त कृयाकलाप

१) लिम्चुङबुङ गाउँपालिकामा खेलकुद विकासको लागी गाउँपाललिका स्तरीय खेलकुद समीति गठन गरिनेछ ।

२) विद्यालय स्तरमा हुने खेलकुद तथा अतिरिक्त कृयाकलापको वार्षिक कार्यतालिका निर्माण गरि खेलकुद तथा अतिरिक्त कृयाकलापको सञ्चालन गरिनेछ ।

३) गाउँपालिका स्तरीय खेलमैदानको पहिचान गरी क्षेत्रकै उत्कृष्ट खेलमैदानको रुपमा विकास गरिनेछ ।

४) खेलकुदका साथै विद्यालय स्तरीय र विद्यालय बाहिर समेत साहित्य, कला तथा हाजिरिजवाफ जस्ता कृयकालाप हरु सञ्चालन गरिने नीति लिइनेछ ।

५) अन्तर वडा स्तरीय खेलकुद प्रतियोगिताको सञ्चालन गरिनेछ ।

६) गाउँपालिका स्तरीय फुटबल ,भलिबल आदी प्रतियोगिता आयोजना गरेर स्थानिय खेलाडीहरुलाई प्रोत्साहन गरिने छ ।

७) गाउँपालिका स्तरीय कर्बड हल निर्माणको लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

८) अन्तर गाउँपालिका खेलकुद आयोजना गरी खेलकुद गतिविधीलाई निरन्तरता गर्ने ।

## स्वास्थ्य सम्बन्धी नीति

१) नेपालको संविधानमा उल्लेख भएको स्वस्थ्य सम्बनधी मौलिक हकको प्रत्याभुती गरिने नीति अवलम्बन गरिनेछ ।
२) २ वर्षभित्र लिम्चुङबुङ अस्पताल निर्माण सम्पन्न गरी गाउँपालिकामानै x-ray, सामान्य शल्य क्रिया आदीको व्यवस्थापन गर्ने गरी अस्पताल सञ्चालन गरिने छ ।
३) सबै नागरीकहरुलाई गुणस्तरीय आधारभुत स्वास्थ्य सुविधा सर्व सुलभढंगले उपलब्ध गराइने छ ।
४) वडाहरुमा रहेका स्वास्थ्य केन्द्र चौकीहरुको स्तरोन्नती तथा पुनर्निर्माण गरिनेछ ।
५) लिम्चुङबुङ गाउँपालिका क्षेत्र भित्र सञ्चालित स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुमा स्वास्थ्य क्षेत्र सुधार नीति अवलम्बन गरिनेछ ।
यस अन्तर्गत :-
क) स्वास्थ्य सेवा जनशक्ती व्यवस्थापन र क्षमता अभिवृद्धी कार्यक्रम
ख) स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रम
ग) समुदाय केन्द्रित स्वास्थ्य कार्यक्रम
घ) स्वास्थ्य सेवामा उपचारात्मक सेवा तथा गुणस्तर सुधार कार्यक्रम
रहनेछ ।
६) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाई हरुको भौतिक निर्माण, कार्यालय व्यवस्थापन, औषधी व्यवस्थापन, निःशुल्क ल्याब टेस्ट, स्वास्थ्य शिविर सञ्चालन गरी समष्टिगत स्वास्थ्य क्षेत्रलाई समेटेर कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
७) गाउँपालिका क्षेत्र भित्र सञ्चालीत बर्थीङ सेन्टर हरुलाई भौतिक तथा प्राविधिक व्यवस्थापन गरिने नीति लिइनेछ ।
८) प्रचलीत कानून बमोजिम निशुल्क गरिएका औषधीहरुलाई सबै स्वास्थ्य संस्थाहरुमा १२ महिना उपलब्ध गराइने नीति लिइनेछ ।
९) खोप केन्द्र, गाउँघर क्लिनिक हरुलाई व्यवस्थापन गरिनेछ ।
१०) स्वास्थ्य केन्द्रमा सुत्केरी गराई, शिशु स्याहार गराउने आमाहरुलाई प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
११) स्थानीय स्तरमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गरिने नीति लाई निरन्तरता दिइनेछ ।
१२) सबै वडा हरुमा स्वास्थ्य शिविरहरु सञ्चालन गर्दै आमजनता समक्ष स्वास्थ्य सुविधा पुर्‍याउने नीति लिइनेछ ।
१३) ज्येष्ठ नागरीकहरुलाई सुलभ स्वास्थ्य सुविधा उपलब्ध गराउन प्राथमिक स्वास्थ्य केन्द्रमा निशुल्क स्वास्थ्य उपचार तथा ल्याब टेस्टको व्यवस्था गरिने नीति लिइने छ ।

१४) विद्यालय भित्र तथा बाहिर किशोर किशोरीहरुलाई यौन तथा प्रजनन, स्वास्थ्य सम्बनधी कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
१५) अवैधानिक रुपमा बिक्रीबितरण गरिने औषधी पसल हरुलाई नियमन गरिनेछ ।
१६) दुई वर्षभित्र गाउँपालिकालाई पुर्णपोषण युक्त गाउँपालिका बनाउने नीति अवलम्बन गरिनेछ ।
१७) मातृ तथा शिशु पोषणलाई सुनिश्चित गरिने नीति अवलम्बन गरिनेछ ।
१८) सामुदायिक स्वास्थ्य इकाई तथा वडा स्तरका स्वास्थ्य चौकीहरुको भौतिक व्यवस्थापन गर्दै गुणस्तरीय स्वास्थ्योपचारको व्यवस्था गरिने छ ।
१९) आवश्यक औषधी, उपकरण, प्रविधी र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवं जवाफदेहीपुर्ण स्वास्थ्य सेवा प्रणाली विकास गरिनेछ ।
२०) सर्ने तथा नसर्ने रोगहरुको बारेम प्रवर्धनात्मक, निरोधनात्मक र उचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२१) प्रजनन स्वास्थ्य, सुरक्षीत मातृत्व एवं बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभीवृद्धी गरिनेछ ।
२२) जीवनशैली परिवर्तन गरी स्वास्थ्यसेवा पहँच विस्तार गरिने नीति अवलम्बन गरिनेछ ।
२३) स्थानिय जडिबुटीको संरक्षण, संवर्धन र प्रवर्धन गरिने नीति अवलम्बन गरिनेछ ।

## लैङ्गिक समानता तथा समावेशिकरण सम्बन्धी नीति

"लिम्चुङबुङ गाउँपालिकाको समावेशिकरण नीति : सबैमा सामाजिक न्यायको अनुभुती"

१) लिम्चुङबुङ वासी सबै नागरिकहरुको सहभागितामा गाउँपालिकाको समावेशी विकास गरिने नीति लिइने छ ।
२) लिम्चुङबुङ गाउँपालिकाका महिला, बालबालिका, आदिवासी जनजाती, विपन्न वर्ग, ज्येष्ठ नागरीक, अपाङगता भएका व्यक्तीहरुको क्षमता विकास तथा आर्थिक, सामाजिक सशक्तिकरणको नीति अवलम्बन गरिनेछ ।
३) लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गर्दा क्षमता विकास, सीप विकास, नेतृत्व विकास, प्रविधि हस्तान्तरण, सचेतना तथा संस्कृती संरक्षण र प्रवर्धन जस्ता कार्यक्रम समानुपातिक ढंगले सञ्चालन गरिने नीति लिइनेछ ।
४) गाउँपालिकाको निर्णय प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिने छ ।

## महिला

१) नेपालको संविधानले महिलाहरुको निमित्त प्रत्याभुत गरेका अधिकारहरुको कार्यान्वयन गरिने नीति अवलम्बन गरिनेछ ।
२) गाउँपालिका क्षेत्रमा सञ्चालन हुने हरेक अवसर तथा गतिविधिमा ३३ % महिला सहभागिता गराइनेछ ।
३) महिला हिंसा तथा घरेलु हिंसामा परेका महिलाहरुको सहयोगको निमित्त मनोपरामर्श तथा सीपविकास सहितको पुर्नस्थापना कार्यक्रम हरु साथै लैङ्गिक हिंसा निवारण कार्यक्रम सञ्चालन गरिनेछ ।
४) एकल महिला हरुको लगत यकिन गरेर एकल महिला सुरक्षा कोषको व्यवस्था गरिनेछ ।
५) महिला कानून अधिकार सम्बन्धी तालिम तथा अनुशिक्षणको व्यवस्था गरिनेछ ।
६) महिलाको नाममा दर्ता भएका उद्योग तथा व्यवसायमा २५% छुट दिने नीति अवलम्बन गरिनेछ ।
७) महिलाहरुलाई व्यावसायिक बनाउन सबै वडा हरुमा उद्यमशिलता तालिम सञ्चालन गर्ने गराउने नीति अवलम्बन गरिने छ ।
८) महिलाहरुमा हुने स्वास्थ्य समस्याको जटिलताका आधारमा क्रमश: स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
९) महिला स्वास्थ्य सव्यं सेविकाहरुको क्षमता विकास तथा उत्प्रेरणात्मक कार्यक्रम हरु सञ्चालन गरिनेछ ।
१०) एकल महिलालाई आय आर्जन तथा नेतृत्व विकासको लागी कार्यक्रम सञ्चालन गरिनेछ ।
११) वडा स्तरिय महिला सञ्जाल, पालिका स्तरिय महिला सञ्जालहरुको क्षमता अभिवृद्धी तथा सचेतनामुलक कर्यक्रम संचालन गरिनेछ ।
१२) महिला संञ्जालहरुको संस्थागत विकास गरिनेछ ।
१३) सामाजिक, आर्थिक रुपान्तरणको लागी सचेतना कार्यक्रम गरिनेछ ।
१४) स्थानीय तहमा लैंगिक हिंसा निवारणका लागी सिंक्षाण कोष व्यवस्थापन गरि सञ्चालन गरिने ।

## बालबालिका

१) बालमैत्री स्थानिय शासनको प्रत्याभुती गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२) वडा स्तरीय बाल कल्ब, गाउँपालिका स्तरीय बाल सञ्जाल हरुको क्षमता अभिवृद्धी तथा सचेतनामुलक कार्यक्रम हरु सञ्चालन गरिनेछ ।
३) सबै प्रकारका बालश्रमलाई अन्त्य गरिनेछ ।
४) बहुपक्षीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन सम्पुर्ण वडा हरुमा लागू गरिने निति लिइनेछ ।
५) लिम्चुङबुङ गाउँपालिकाका सम्पुर्ण बाल बिकास केन्द्रहरुको भौतिक व्यवस्थापन गरीने छ ।
६) बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्दै बालमैत्री वडा घोषणा गरिनेछ ।

## ज्येष्ठ नागरीक

१) गाउँपालिका क्षेत्र भित्र रहेका ८० वर्षभन्दा माथीका ज्येष्ठ नागरिकहरुको लगत संकलन गरी अद्यावधिक गरि ज्येष्ठ नागरीक सँग भएको ज्ञान तथा अनुभव पुस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।
२) ज्येष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी क्रमश: स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
३) ज्येष्ठ नागरीकहरुको लागी स्वास्थ्य उपचार लगायतका PHYSICAL TEST हरु निशुल्क गरिने व्यवस्था गरिनेछ ।
४) ज्येष्ठ नागरीक सम्मान कार्यक्रम आयोजना गरिनेछ ।
५) ज्येष्ठ नागरीक परिचयपत्र सहजरुपमा वडा कार्यालय बाटै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

## दलित

१) जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन २०६८ को प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
२) दलित समुदायको परम्परागत पेशा, कला तथा शिल्प संरक्षण संवर्धन गर्दै आधुनकिकरण र व्यवसायिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
३) दलित वर्गको सचेतना तथा सीप विकास जस्ता कार्यक्रम सञ्चालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

## आदिवासी जनजाति

१) आदिवासी जनजातिहरुको संविधान प्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवं साँस्कृतिक विकासका साथै भाषा, संस्कृति ,परम्परा र पुर्ख्योली सीपको संरक्षण तथा प्रवर्धन गरिने नीति अवलम्बन गरिनेछ ।
२) आदिवासी जनजातिहरुको सामाजिक तथा आर्थीक मुलप्रवाहिकरणका लागी तालिम, कोचिङ, सीप विकास, नेतृत्व विकास जस्ता कार्यक्रम हरुमा सबैको सहभागिता सुनिश्चित गरिने नीति अवलम्बन गरिनेछ ।
३) आदिवासी जनजातिको भाषा तथा लिपी विकासका लागी भाषा कक्षाको व्यवस्था गरिनेछ ।
४) आदिवासी जनजातिको नृत्य तथा साँस्कृतिक बाजाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।
५) आदिवासी जनजातिको मुलप्रवाहिकरण गरी राष्ट् निर्माणलाई सुदृढ बनाउने नीति अवलम्बन गरिनेछ ।



लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराहा, उदयपुर १ न. प्रदेश नेपाल

## अपाङ

१) अपाङगता भएका व्यक्तीहरुको लगत राखी गाउँपालिका स्तरीय अपाङ हित संरक्षण सञ्जाल गठन गरिने नीति अवलम्बन गरिने छ ।
२) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अपाङगता भएका व्यक्तिहरुको अधिकार सम्बनधी ऐन २०७५ तथा प्रचलित कानून बमोजिम अपाङ हित संरक्षणको लागी नीतिगत व्यवस्था गरिनेछ ।
३) विद्यालय तथा स्वास्थ्य केन्द्रहरुमा अपाङ मैत्री संरचना हरुको निर्माण गरिने नीति अवलम्बन गरिनेछ ।
४) राज्य द्वारा पहेलो तथा सेतो वर्गमा वर्गिकरण गरिएका अपाङगता भएका व्यक्तिहरुको लागी सीप विकास तथा उद्यमशिलता विकास गर्दै स्वावलम्बी बनाउने नीति अवलम्बन गरिनेछ ।

## युवा

१) युवाहरुलाई रुपान्तरणको संवाहक र नेतृत्वको साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनितिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न नेतृत्वको विकास गराउने नीति लिइनेछ ।
२) किशोरीहरुकोलागी सीप विकास तथासशक्तिकरणका लागी कार्यक्रमहरुलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ ।
३) युवाहरुलाई हिंसा, दुर्व्यसन र अराजक प्रवृत्तीलाई नियन्त्रण गर्ने नीति लिइनेछ ।
४) युवाहरुलाई प्राविधिक शिक्षा तथा सीपमुलक तालिममार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने ।
५) युवाहरुलाई विपद व्यवस्थापन, सामजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

## रोजगार सेवा केन्द्र (लि.गा.पा. रोजगार शाखा)का नीति तथा कार्यक्रमहरु

१) संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ |
२) लिम्चुङबुङ गाउँपालिकाको विभिन्न पर्यटकीय क्षेत्रको पहिचान गरि नया बिकाश गर्दै लिम्चुङबुङ गाउँपालिकालाई एक पर्यटकीय क्षेत्रको रुपमा विकाश गरिनेछ |
३) गरिवी न्यूनीकरण तथा रोजगारीका अवसरमा बृद्दि गर्न पहलकदमी चालिनेछ |
४) स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक योजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ |
५) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ |
६) आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसंग सहकारी र समन्वयमा जोड दिईनेछ |
७) युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्दमीहरुलाई प्रोत्साहित गरिनेछ |
८) श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, ब्यबसायिक, उद्द्योग, वित्तीय क्षेत्रवाट रोजगारीको सिर्जना गरिनेछ |
९) रोजगार सेवा केन्द्रको संचालन तथा ब्यबस्थापनमा थप प्रभावकारी बनाइने छ |
१०) पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ |
११) युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ |
१२) बैदेशिक रोजगारिवाट फर्केका रोजगारी गुमाएका युवाहरुको सिप र क्षमताको भरपुर उपयोग गरि रोजगारी र विकाश दुबैलाई महत्वका साथ कार्यान्वयन गरिनेछ |
१३) कुनै पनि काम ठुलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली, उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप ब्यबस्थापन लिम्चुङबुङ गाउँपालिकाको नीति हुनेछ |
१४) लिम्चुङबुङ गाउँपालिकालाई एक उत्कृष्ट गाउँपालिकाको रुपमा विकास गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने हेतुले बिभिन्न पर्यटकीय क्षेत्रको संरक्षण गर्दै स्वदेशी तथा विदेशी पर्यटक भित्राउन महत्वपूर्ण भूमिका खेलिने छ |
१५) प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुमा काम गर्दैगर्दा श्रमिकहरुलाई कुनै पनि किसिमको चोटपटक वा कुनै दुर्घटना भएमा तत्काल उपचारका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम उपचार व्यवस्थापन कोषको स्थापना गरिनेछ |



लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१८) सामाजिक विभेदिकरणमा परेका र लक्षित बर्गलाई ध्यानमा राखी कार्यक्रमको निर्माण गरिनेछ |
१९) लिम्चुङबुङ गाउँपालिकालाई बेरोजगार मुक्त गाउँपालिका बनाउन कदमपहली चालिनेछ |
२०) रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन रोजगार सेवा केन्द्रको लागि सवारी साधनको व्यवस्था गरी कार्यक्रम प्रभावकारी बनाउन थप पहल गरिनेछ

## लोपोन्मुख, सीमान्तकृत जाति/ जनजाति

१) लोपोन्मुख, सीमान्तकृत जाति/ जनजातिको आर्थिक, सामाजिक तथा साँस्कृतिक सुधारबाट समतामुलक तथा न्यायपुर्ण समाजको श्रृजना गरिने नीति लिइनेछ ।
२) लोपोन्मुख, सीमान्तकृत जाति/ जनजातिको क्षमता विकास र स्रोत साधनहरुमा पहँच वृद्धि गरि जीवुनस्तर माथी उकास्ने नीति अवलम्बन गरिनेछ ।
३) लोपोन्मुख, सीमान्तकृत जाति/ जनजातिका युवाहरुको क्षमता विकासका लागी व्यवसायिक तथा सीपमुलक तालिम प्रदान गरिनेछ ।
४) लोपोन्मुख, सीमान्तकृत जाति/ जनजातिका विद्यार्थीको सिकाई आवश्यक्ता सम्बोधन गर्न वैकल्पिक, आवासिय र विशेष शिक्षा कार्यक्रम सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

## गैर सरकारी संस्था

१) गैर सरकारी संस्था नियमन सम्बन्धी ऐन , नियमावली निर्माण गरी लिम्चुङबुङ गाउँपालिका क्षेत्रभित्र कार्यरत गै. स. स हरुलाई व्यवस्थापन गरीने नीति अवलम्बन गरिने छ ।
२) गै. स. स लाई विकासका साझेदारको रुपमा व्यवहार गर्ने नीति अवलम्बन गरिनेछ ।
३) गै. स. स का कार्यक्रमहरु गाउँपालिकाको वार्षिक नीतिमा समावेश गरी लाने र कार्यक्रमहरुको दोहरोपना लाई निर्मुल गर्ने नीति अवलम्बन गरिनेछ ।
४) गाउँपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रममा सहयोग हुने खालका कार्यक्रम मात्र सञ्चालन गर्न स्वीकृती दिइने छ ।

## वन ,वातावरण तथा विपद व्यवस्थापन

### वन, वातावरण संरक्षण

१) गाउँपालिकाको राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वनक्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वनक्षेत्रलाई बढाइने नीति अवलम्बन गरिनेछ ।
२) राष्ट्रिय राजमार्ग क्षेत्राधिकार भित्र वृक्षरोपणलाई कार्यक्रम सञ्चालन गरिनेछ ।
३) वातावरण संरक्षण प्रती जनचेतना अभीवृद्धि गर्न प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
४) लिम्चुङबुङ गाउँपालिकाको जलवायु परिवर्तन सम्बन्धी नीति निर्माण गरिनेछ ।
५) लिम्चुङबुङ गाउँपालिकाका बजार तथा गाउँलाई स्वच्छ, सफा, हराभरा बनाउदै ३ वर्ष भित्र पुर्ण प्लाष्टिक मुक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
६) सामुदायिक वन, नीजि वन तथा अन्य वनहरुको नियमन गरिनेछ ।
७) गाउँपालिकावासीले वडा समितिको उपस्थितिमा सर्जमिन सिफारिसको आधार बिना रुख कटान गर्न पाइनेछैन ।
८) एक रुख कटानी वापत कम्तिमा दुई विरुवा हुर्काउने नीति अवलम्बन गरिनेछ ।
९) यस क्षेत्रमा रहेको जैविक विविधता संरक्षण को लागी जैविक प्रोफाइल निर्माण गरिनेछ ।
१०) वार्षिक रुपमा डढेलो लागि धनजनको क्षतीलाई न्युनीकरणको लागि डढेलो प्रभावित स्थानहरुको पहिचान गरि वृक्षारोपण तथा माटो संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

### विपद व्यवस्थापन

१) गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालनलाई प्रभावकारी बनाउन सम्बन्धित सरोकारवालाहरुको साझेदारीमा कार्यक्रम हरु निर्माण गरिने छ ।
२) विपद परेको अवस्थामा उद्धारको लागी आवश्यक पर्ने यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
३) लिम्चुङबुङ गाउँपलिकाभित्र पर्ने सुख्खा क्षेत्रमा आगलागी जस्ता विपदमा कमी ल्याउन आवश्यक पानीको व्यवस्थापन गर्न सार्वजनिक पोखरी तथा पानीट्याङकी निर्माण गरिनेछ ।
४) विपद उद्धारमा सबैभन्दा अग्र पंक्तीमा खटिने सुरक्षानिकायहरुलाई विपद उद्धारका सामाग्री सम्पन्न बनाउने नीति अवलम्बन गरिनेछ ।
५) विपदका क्षेत्रमा काम गर्ने सहयोगी संस्था रेड क्रस संग समन्वय गरी विपद व्यवस्थापन सम्बन्धी आवश्यक योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
६) प्रत्येक वडा कार्यालयमा विपद जोखिम न्युनिकरणको लागि विपद जोखिम प्रोफाईलको आधारमा उद्धार तथा राहत सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

## फोहोर मैला तथा सरसफाई सम्बन्धी नीति

१) गाउँपालिकाका बजार क्षेत्रहरुमा कुहिने र नकुहिने फोहोर छुट्टयाउन को लागी फोहोर संकलन डस्टबिन हरुको व्यवस्थापन गरिनेछ ।

२) बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माणको काम लाई निरन्तरता दिइनेछ ।

३) सार्वजनिक भवन, सरकारी कार्यालय, हेल्थ पोष्ट, विद्यालयहरुलाई पुर्णत: सरसफाई युक्त बनाईनेछ ।

४) फोहोर मैला व्यवस्थापन ऐन २०६८ तथा फोहोरमैला व्यवस्थापन नियमावली २०७० को पुर्ण कार्यान्वियन गर्दै यस गाउँपालिकालाई पुर्णत: फोहोरमैला मुक्त बनाइनेछ ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति

### "लिम्चुङबुङ गाउँपालिका सुशासनका आधार : जवाफदेहिता, उत्तरदायित्व, पार्दशिता र सदाचार "

### संगठनात्मक व्यवस्थापन

१) आम जनता संग सबै भन्दा नजिक रहेर सेवा प्रवाह गर्ने कार्यालय गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा सेवा प्रवाहलाई सुदृढ गर्न आवश्यक श्रोत तथा साधनको व्यवस्थापन गरिनेछ ।

२) सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय , समावेशी एवं सहज बनाउन विद्युतीय शासन प्रणाली अवलम्बन गरी प्रशासनिक कार्यविधीलाई सरलीकरण र सङ्क्षेपिकरण गरिनेछ ।

३) नेपाल सरकार द्वारा स्वीकृत दरबन्दी ढाँचा बमोजिम वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयमा दरबन्दी व्यवस्थापन गरिने छ ।

४) सबै वडा कार्यालयहरुलाई गाउँकार्यपालिकाको कार्यसञ्जाल सँग जोड्ने नीति अवलम्बन गरिनेछ ।

५) प्रत्येक वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयमा नागरिक वडापत्रको व्यवस्थापन गरिनेछ ।

६) गाउँपालिकाका महत्वपुर्ण निर्णयहरु कानून बमोजिम रडियो, फेसबुक तथा वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

७) गाउँपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका अनुशिक्षण तालिम तथा प्रशिक्षण सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

८) गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक संस्था हरुको नाममा रहेका सार्वजनिक सम्पत्ती, ऐलानी , पर्ती सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण संकलन गरी संरक्षण गरिने नीति अवलम्बन गरिनेछ ।

९) गाउँपालिका भीत्र रहेका कृषि प्राविधिक , पशु सेवा प्राविधिक, स्वास्थ्यर्मी हरुको क्षमता विकास तथा तालिमको व्यवस्थापन गरिने नीति लिइनेछ ।

१०) गाउँपालिका स्थापना दिवसलाई उत्सवको रुपमा मनाउने नीति अवलम्बन गरिनेछ ।

११) गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गरी उच्च मनोबल साथ सार्वजनिक सेवा प्रवाह गर्न आन्तरिक आमदानीबाट कार्यदक्षता, कार्य सम्पादन, सुपरिवेक्षणको आधारमा प्रोत्साहित गरिने छ ।

१२) वडा सचिव तथा अन्य कर्मचारीहरुलाई कम्प्युटर तालिम प्रदान गरि वडाबाट सूचना प्रविधिमा आधारित सेवा प्रवाह विस्तार गर्ने ।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नीति

१) टोलविकास सँस्था, विभिन्न स्थानीय संघसंस्थाहरुलाई सहभागि गराई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्बन्धि सचेतनामुलक अभिमुखिकरण कार्यक्रम गरिने ।

२) सवै वडा सचिवहरु तथा कम्प्युटर अपरेटर वा कार्यलयमा रहेको कम्प्युटरमा दक्षा कर्माचारीलाई सहभागि गराएर अनलाइन घटनादर्ता सञ्चालन गर्नको लागि VERS MIS SYSTEM तालिम दिइने ।

३) सवै वडा सचिव/MIS Operator द्वारा व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत शतप्रतिशत सञ्चालन गर्ने ।

४) घटनादर्ता गर्न छुटेको व्यक्तिहरुको (जन्म, मृत्यु, विवाह, बसाईसराइ, सम्बन्ध विच्छेद) आदि घटनादर्ता अनिवार्य रुपमा गर्नको लागि सवै ठाउँमा प्रचारप्रसार गरी व्यक्तिगत घटनादर्ता शत प्रतिशत गर्नका लागि प्रत्येक टोलटोलमा शिविर स्थल राखि शतप्रतिशत घटनादर्ता गर्ने ।

## वित्तीय व्यवस्थापन

१) आ. व. २०७८/०७९ मा सम्पत्ती कर सम्बन्धी सम्भावना अध्ययन तथा पुर्व तैयारी गरी सम्पत्ती कर प्रणाली लागू गरिने नीति अवलम्बन गरिनेछ ।

२) नेपालको संविधानमा उल्लेखित राजश्वका श्रोत हरुको दायरालाई फराकिलो पार्दै अधिकतम आन्तरीक श्रोत संकलन गर्दै वित्तीय स्वावलम्बन तर्फ अग्रसर हुने नीति लिइनेछ ।

३) गाउँपालिकाको आन्तरीक आमदानी हुने श्रोत हरुको पहिचान गरी दिगो तथा भर्पर्दो आमदानीका श्रोतहरुको विकास गरिने नीति अवलम्बन गरिनेछ ।

लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय उदयपुर प्रदेश नेपाल